समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०१/३१ बैठक संख्या: २३

बैठक प्रारम्भ समय: विहानको १०:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. चालु आ. ब. २०७९/८० का लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ र नगरपालिकाको आफ्नै आन्तरिक आम्दानीको आधारमा बजेट अनुमान गरी नगरसभाले बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोमा नगरपालिकाले प्रक्षेपण गरे अनुरुप आन्तरिक आम्दानी संकलन नभएको, नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०८०/०१/ १४ गतेको पत्रानुसार चालु आर्थिक बर्षमा प्रदेश सरकार र स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको चौथो त्रैमासिकको ५० प्रतिशत मात्र रकम उपलब्ध गराउने भनी पत्राचार भई आएको कारण नगरपालिकाको बार्षिक बजेटमा उल्लेख्य कटौती हुने देखिएकोले अनुमानित बजेट र प्राप्त हुने बजेटको आधारमा योजनाहरुको भुक्तानी गर्ने, बजेट प्राप्त भएमा चालु आर्थिक बर्षमा नै सम्पूर्ण आयोजना तथा कार्यक्रमको भुक्तानी गर्ने तर प्राप्त हुने बजेट र उठ्ने राजस्वमा कमी आएमा भुक्तानी हुन बाँकी आयोजना तथा कार्यक्रमको भुक्तानी आगामी नगरसभाबाट बजेट व्यवस्था गरी आगामी आर्थिक बर्षमा प्राथमिकताका साथ भुक्तानी गर्ने निर्णय गरियो ।

२. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानूनबमोजिम नगरपालिकालाई व्यवसाय दर्ता तथा नवीकरणको कार्य सम्बन्धित वडाहरुबाट नै हुने गरी व्यवस्था मिलाउने र सम्बन्धित प्रचलित कानूनबमोजिम नगरपालिकाले उठाउन पाउने घरजग्गा बहाल कर वडाहरुले समेत उठाउने निर्णय गरियो ।

३. नगरसभाले स्वीकृत गरेका भौतिक पूर्वाधारतर्फका आयोजना कार्यान्वयन गर्दा आयोजनाहरुमा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवाको कर तिरेको रसिद वा निस्सा पेश भएकोमा सोहीबमोजिम गर्ने र कर तिरेको रसिद वा निस्सा पेश नभएको सन्दर्भमा प्राविधिक नापजाँचका आधारमा उक्त नदीजन्य पदार्थ नगरपालिकाले उत्खनन् गर्नका लागि प्रारम्भिक वातावरणीय अध्ययन गरेको स्थानबाट ल्याई प्रयोग भएको मानी सम्बन्धित आयोजनाको रकम भुक्तानी गर्दा नदीजन्य पदार्थको रकम कट्टा गरी विभाज्य कोषमा जम्मा गरेर बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

४. यस नगरपालिकाको मुख्य बजार क्षेत्रमा रहेको पोखरी पार्कको चारैतर्फ विभिन्न देवीदेवताको मुर्ति स्थापना गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

५. खाँदबारी नगरपालिका लगायत समग्र जिल्लाको पर्यटकीय गतिविधि बढाउन विभिन्न जानकारीमूलक सामग्रीहरु समेटेर तुम्लिङटार एयरपोर्टमा अवस्थित नागरिक उड्डायन प्राधिकरणको नवनिर्मित भवनमा Information Centre स्थापनाका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय पक्ष मिलाउने, जसका लागि नगरपालिकाको तर्फबाट गर्नुपर्ने सबै कामकारबाहीको जिम्मेवारी ई. विजय कुमार खड्कालाई तोक्ने निर्णय गरियो ।

६. यस नगरपालिकाले अति गरीब तथा विपन्नहरुको लागि उपलब्ध गराईदै आएको आर्थिक सहायता तथा आकस्मिक कार्यका लागि खर्च गर्नुपर्ने आकस्मिक कोषमा रकम अभाव भएकोले वातावरण संरक्षण विशेष कोषमा रहेको रु. ५,००,०००।- (पाँच लाख मात्र) रकम आकस्मिक कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

७. खाँदबारी नगरपालिका र अन्य पालिकाहरु जोड्ने मुख्य सडकहरु मर्मत सम्भार गर्न विभिन्न यन्त्र उपकरण भाडामा लिनको लागि सूचना प्रकाशन भईसकेकोमा सार्वजनिक सूचनाबमोजिम निवेदन दिने व्यक्ति, फर्म, कम्पनीहरुमध्ये सबैभन्दा कम कबोल गर्नेको दररेट स्वीकृत गर्ने र सो बमोजिम लाग्ने रकम प्रकोप व्यवस्थापन कोषमा रहेको रकमबाट रु. २० (बीस) लाख मर्मत सम्भार कोषमा रकमान्तर गरी उक्त रकमबाट नै पालिका जोड्ने सडकहरु मर्मत गर्ने निर्णय गरियो ।

८. चालु आ.ब. मा संघीय सरकारबाट पशुसेवातर्फ हस्तान्तरित एक पालिका एक पशु चिकित्सक कार्यक्रममा प्राप्त बजेटबाट उक्त जनशक्ती व्यवस्थापन गरी उसलाई सेवा सुविधा उपलब्ध गराउन कार्यक्रममा प्राप्त बजेट ढिलो जनशक्ती करार गर्दा रकम बाँकी रहेको देखिएको तथा हाल नगरपालिकाका सबै वडामा गाईवस्तुहरुमा लम्पी स्किन रोगको महामारी फैलिन गई भयावह रुप लिएकोले उक्त रोग नियन्त्रणमा लिंदै पशुपालन कृषकहरुलाई पुग्न सक्ने क्षतिलाई कम गराउन उक्त बाँकी रहेको रकमबाट थप पशुसेवा प्राविधिकहरु दैनिक ज्यालादारीमा लिई वडा-वडामा खटाउने र उक्त रोग नियन्त्रणमा लिन फिल्डमा हरबखत खटिने पशुसेवा प्राविधिकहरुलाई समेत सोही बजेटबाट उपयुक्त दरले अतिरिक्त सुविधा समेत उपलब्ध गराउने निर्णय गरियो ।

९. आजको बैठकमा पेश भएको "खाँदबारी नगरपालिकाको समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई चाडपर्व खर्च व्यवस्थापन कार्यविधि, २०८०" उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

१०. नगरपालिकाद्वारा संचालित विभिन्न योजना तथा कार्यक्रमहरु सम्झौता बमोजिमको समयमा कार्यसम्पन्न हुन नसकी म्याद थपको लागि निवेदन प्राप्त भएकोमा त्यस्ता योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने अवधि आगामी जेष्ठ मसान्तसम्म थप गर्ने साथै तथा भू उपयोग योजना निर्माणको लागि सम्बन्धित परामर्शदातासंग भएको सम्झौता

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०१/३१ बैठक संख्या: २३

बैठक प्रारम्भ समय: विहानको १०:०० बजे बैठक समापन समय: बजे

बमोजिमको कार्य सम्पन्न नभएको र म्याद थप गरी पाउँ भनी निवेदन प्राप्त भएकोले सो कार्यको लागि समेत आगामी जेष्ठ मसान्तसम्म नै म्यादथप गर्ने निर्णय गरियो ।

११. नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा नगर कार्यपालिका कार्यालय अन्तर्गतका निकायहरुले सम्पादन गर्नुपर्ने कार्यहरु, शाखा, उपशाखा, इकाई, केन्द्रहरु र त्यस्ता शाखा, उपशाखा, इकाई, केन्द्रहरुमा रहने कर्मचारीहरु समेतको पुनर्संरचना गर्न संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षणका लागि सम्बन्धित परामर्शदातालाई सुझावहरु प्रस्तुत गरियो । सोको लागि निम्नानुसार सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क. नगर प्रमुख - संयोजक

ख. नगर उप प्रमुख - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. संयोजक, सुशासन समिति - सदस्य

ङ. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

च. शाखा प्रमुख, राजस्व उप शाखा -सदस्य

छ. शाखा प्रमुख, प्रशासन तथा योजना शाखा -सदस्य सचिव

१२. यस नगरपालिकाको वडा नं. ४ अन्तर्गत रहेको शिशुकल्याण आ. वि., धन्चेढुङ्गालाई सोही वडामा रहेको कालिका मा. वि., सेकाहामा मर्ज गर्ने निर्णय गरियो साथै शिशुकल्याण आ.वि. मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सम्बन्धमा कार्यालयले निर्णय गर्ने ।

१३. खाँदबारी-७ मा "वडा कार्यालय भवन केन्द्रदेखि उत्तर दक्षिण मोटरबाटो ढलान" भनी स्वीकृत गरिएको योजनालाई "वडा कार्यालय भवन छेउको खोल्सीमा ग्याविन जाली भर्ने कार्य" भनी संशोधन गर्ने निर्णय गरियो ।

१४. चालु आ.ब. मा विभिन्न वडामा संचालन हुनेगरी निम्नानुसार कार्यक्रम स्वीकृत गरिएकोमा हाल गाईवस्तुमा फैलिएको लम्पी स्किन महामारीलाई नियन्त्रणमा लिनको लागि वडाको सिफारिसको आधारमा निम्नानुसार योजना तथा कार्यक्रम संचालन गर्ने गरी संसोधन गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

| सि. नं. | वडा नं. | नगरसभाले स्वीकृत गरेको योजनाको नाम | हाल संसोधन गरिएको योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|
| १ | १० | खेलकुद सामग्री खरिद | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| २ | ११ | लोहोरुङ राई मातृभाषा पाठ्यपुस्तक प्रकाशन | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| ३ | ३ | वडा कार्यालय भवन उद्घाटन | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| ४ | ४ | मानेभन्ज्याङ हेलुवावेशी सडकदेखि लोकेपांमा खापा भवन मोटरबाटो निर्माण | 1. लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| | | | 2. भ्याङखोला सिंचाई मर्मत | ५०, ०००।- |
| | | | 3. सडक मर्मत इन्धन खर्च | ५०, ०००।- |
| ५ | ८ | विपद् व्यवस्थापन | लम्पी स्किन रोग नियन्त्रण | ५०, ०००।- |
| ६ | ९ | प्रशासनिक खर्च | लम्पी स्किन रोग नियन्त्रण | १,००,०००।- |
| ७ | २ | १. प्रजनन् स्वास्थ्य कार्यक्रम रु. ५० हजार<br>२. कृषि सामग्री खरिदको रु. २ लाख मध्ये रु. ५० हजार | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | १,००,०००।- |
| ८ | ६ | मर्मत सम्भार कोष ३ लाख मध्येबाट | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | ५०,०००।- |
| ९ | ५ | प्रशासनिक खर्च ६ लाख मध्येबाट | लम्पी स्किन रोग नियन्त्रण कार्यक्रम | ५०,०००।- |

१५. बनौं संस्कारी नागरिक पुस्तकमा भएका विषयवस्तुहरु अध्ययन गरी आवश्यक विषयहरु खाँदबारी नगरपालिकाको कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रममा समावेश गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

१६. थालेडाँडा लिफ्टीङ खानेपानी आयोजना निर्माणको लागि आ. ब. २०७८/७९ मा प्रदेश सरकारबाट योजना स्वीकृत भएको र बोलपत्र प्रकृयामा कस्मिक सोलूशन प्रा. लि. सँग गत आ. ब. मा नै खरिद सम्झौता भएकोमा सम्बन्धित निर्माण व्यवसायीलाई गत आ. ब. मा कुनैपनि रकम भुक्तानी लिनेदिने कार्य नभएको, निर्माण व्यावसायीले गत बर्षको असार १० गते नगरसभा भएको मितिसम्म सम्पर्कमा आई कार्य शुरुवात नगरेको कारण

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/०१/३१ बैठक संख्याः २३

बैठक प्रारम्भ समयः विहानको १०:०० बजे बैठक समापन समयः बजे

चालु आ. ब. मा उक्त कार्यका लागि रकम समेत विनियोजन नभएको तथापी हाल सम्बन्धित निर्माण व्यवसायीले खानेपानी योजना संचालन गरी प्रथम रनिङ बिल भुक्तानीका लागि प्राप्त भएको अवस्थामा चालु आ.ब. मा विनियोजन भएको तर कार्य हुन नसकेको कुनैपनि योजना तथा कार्यक्रमको बजेटबाट भुक्तानी दिने, यदि चालु आर्थिक बर्षमा भुक्तानी दिन सक्ने अवस्था नभएमा आगामी नगरसभाबाट उक्त कार्यका लागि बजेट व्यवस्था गरी आगामी आर्थिक बर्षमा प्राथमिकताकासाथ भुक्तानी दिने निर्णय गरियो ।

१७. यस नगरपालिकाका विभिन्न वडाबासीहरुले बिजुलीको बिल तिर्ने जस्तो सानो-सानो कामको लागि समेत टाढा-टाढाबाट खाँदबारी धाउने अवस्थालाई अन्त्य गर्नका लागि नेपाल विद्युत प्राधिकरण, खाँदबारी शाखालाई सम्बन्धित वडामा नै गई बिजुलीको बिलको रकम उठाउनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१८. वडा नं. ४ अन्तर्गत हाइवेबाट भ्याङखर्क टोल भवनसम्म जाने सडक स्तरोन्नती शिर्षकमा रु. ३ लाख रकम विनियोजन भएकोमा उक्त योजनाबाट रु. २ लाखको मात्र कार्य भएको देखिएकोले सो योजनामा बाँकी रहेको रकमबाट वडाको सिफारिसको आधारमा नेनुवा कुलो सिंचाई मर्मतका लागि रु. ४० हजार र जालपा देवीथान टोल भवनमा गेट निर्माण रु. ६० हजार विनियोजन गर्ने निर्णय गरियो ।

१९. नगरपालिकाले संचालन गरेका रु. १० लाख लागत अनुमानभन्दा माथिका आयोजनाहरुको समेत नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगन गरी प्रतिवेदन पेश भएपछि मात्र रनिङ बिल भुक्तानी हुने व्यवस्था गर्ने निर्णय गरियो ।

२०. खाँदबारी नगरपालिका वडा नं. ९ को अरुण नदी किनार लामीबगरको गिद्दे लिफ्ट सिंचाई किनारदेखि दक्षिणपूर्व तर्फको भागमा बहुजातीय दफन कफन कपुरथानको रुपमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

२१. खाँदबारी नगरपालिका वडा नं. ३ स्थित मानेभन्ज्याङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत संचालित खानेपानी आयोजनाको पाइप लाइनको कार्य सम्पन्न भएको र ट्याङ्की निर्माणको कार्यका लागि झरीथुम्का स्थित नगरपालिकाको स्वामित्व भएको जग्गामा निर्माण गर्ने र जग्गा उपलब्ध गराई पाउँ भनी निवेदन प्राप्त भएकोमा प्रस्तावित जग्गामा नापजाँच गर्न अमिन खटाई अमिनको प्रतिवेदनको आधारमा जग्गा र निर्मित संरचनाको स्वामित्व नगरपालिकामा नै रहने गरी उपयुक्त स्थानमा खानेपानीको लागि ट्याङ्की निर्माण गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत